# २१ औं बैठक

आज मिति २०७५।०३।२२ गतेका दिन दिउँसो ३:३० बजेको समयमा धनगढी उप महानगरपालिकाका नगर प्रमुख श्री नृप बहादुर वडज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसि देहाय अनुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.सं. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री नृप बहादुर वड | नगर प्रमुख | | |
| २ | श्री शुसिला मिश्र भट्ट | नगर उप-प्रमुख | | |
| ३ | सन्तोष मुडभरी | कार्यपालिका सदस्य | | |
| ४ | नर बहादुर बम | कार्यपालिका सदस्य | | |
| ५ | बल बहादुर ऐर | कार्यपालिका सदस्य | | |
| ६ | दिपक कुमार थाप क्षेत्री | कार्यपालिका सदस्य | | |
| ७ | हिरा सिंह पातली | कार्यपालिका सदस्य | | |
| ८ | भागीराम चौधरी | कार्यपालिका सदस्य | | |
| ९ | सिताराम राना | कार्यपालिका सदस्य | | |
| १० | नारायण वराल | कार्यपालिका सदस्य | | |
| ११ | प्रेम भण्डारी | कार्यपालिका सदस्य | | |
| १२ | राजेन्द्र राना | कार्यपालिका सदस्य | | |
| १३ | गंगा राम राना | कार्यपालिका सदस्य | | |
| १४ | गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | | |
| १५ | बिजय राज जोशी | कार्यपालिका सदस्य | | |
| १६ | राम बजारी चौधरी | कार्यपालिका सदस्य | | |
| १७ | फुल राम चौधरी | कार्यपालिका सदस्य | | |
| १८ | लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | | |
| १९ | माधव राना | कार्यपालिका सदस्य | | |
| २० | मुरारी अधिकारी | कार्यपालिका सदस्य | | |

Scanned by CamScanner

**प्रस्ताव नं. २१.१**

करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ स्वीकृत गर्ने सम्वन्धमा ।

**निर्णय नं. २१.१**

धनगढी उप-महानगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ को मस्यौदालाई विधेयक समितिमा ब्यापक छलफल, राय सल्लाह परामर्श लिई विधेयक समिति मार्फत स्वीकृतिका लागि कार्यपालिका बैठकमा पेश हुन आएकाले धनगढी उप-महानगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २१.२**

नीति, बजेट तथा कार्यक्रमका सम्बन्धमा ।

**निर्णय नं. २१.२**

धनगढी उप-महानगरपालिकाको स्थानीय राजश्व परामर्श समिति,वजेट तथा कार्यक्रम तर्जुमा समिति, विधेयक समिति, , सुशासन समितिको बैठकबाट सिफारिश भै आएका आर्थिक विधेयक२०७५ ,विनियोजन विधियक २०७५ ,तथा नीति बजेट कार्यक्रम माथि ब्यापक छलफल भै थप परिमार्जन सहित स्वीकृतीका नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २१.३**

अधिकार प्रत्यायोजन संम्बन्धमा ।

**निर्णय नं. २१.३**

धनगढी उप–महानगरपालिकाका नगर प्रमुख,उप–प्रमुख लगायत सम्पूर्ण नगर सभाका सदस्यहरु तथा नगर कार्यपालिका कार्यालय, कार्यालयका कर्मचारीहरुका बिरुद्ध कार्यालयको कामको सिलसिलामा अदालतमा पर्ने मुद्धा मामिलाको प्रतिरक्षा गर्न यस धनगढी उप–महानगरपालिका नगर कार्यपालिकाका सदस्य श्री प्रेम सिंह बि.क.लाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २१.४**

धनगढी उप महानगरपालिकाको उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्वन्धि कार्यविधि २०७४,सम्वन्धमा ।

**निर्णय नं. २१.४**

धनगढी उप-महानगरपालिकाको विधेयक समितिको बैठकबाट सिफारिश भै आएको धनगढी उप महानगरपालिकाको उपभोक्ता समिति गठन,परिचालन तथा व्यबस्थापन सम्वन्धि कार्यविधि २०७४, माथि ब्यापक छलफल भै स्वीकृती गर्ने निर्णय गरियो ।

Scanned by CamScanner